श्रीमहेन्द्रप्रतापोदयम्

लेखक
प. जीवनाथ झा

श्रीमहेन्द्रप्रतापोदयम्

नेपाल जनकपुरस्थ-राजकीय संस्कृत महाविद्यालय-प्रध्यापक
प० जीवनाथ झा शर्म निर्मितम्

नेपाली साहित्य संस्थान, काठमाडौं।

प्रकाशक :-
नेपाली साहित्य संस्थान
पाको पोखल्ड्यांग
काठमाडौं, नेपाल ।

सर्वाधिकार सुरक्षित

प्रथमवार १०००
मूल्य १।—

मुद्रक :-
नेपाल प्रेस
६/५६८, नयाँ सडक
काठमाडौं ।

अवतरणिका

साहित्य प्रेमी सज्जन, गण !

मनीषि-मूर्धन्य-वृन्दबाट कृतज्ञतालाई ज्ञान-सूनको निकषोपल, कर्तव्यको सुप्रभात, सहृदयताको प्रमुखविधि र मानवताको अक्षयनिधि मानिएको छ तसर्थ घेरै वर्ष देखी आफ्नो चित्तमा सञ्चित असाधारण भक्तिको अभिव्यक्तिलाई प्रकट गर्न उत्कट अभिलाषा रहेमा पनि श्रेयांसि बहुविघ्नानि हेर्दै यतिलामो दिनसम्म त्यो पूर्णगर्न मैले सकेको थिएँन।

आज त्यो भावाऽभिषिक्त उद्गार पुस्तकरूपमा तपाईहरूको समक्ष प्रस्तुत भएको छ यसको उपादेयता वा अनुपादेयता सहृदय पाठकको विवेकमा नै निर्भर मानिने छ तर भरसक यस सानो कृतिमा सर्व साधारण आकर्षणको लागि प्राचीन र नवीन दुवै धाराका पद्य समाविष्ट गरिएका छन् सत्यतापट्टि विशेषरूपले सचेष्टता राखिएको छ र जुनसुकै पद्यमा हिन्दुत्व भावना, संस्कृति र देश नरेश-भक्तिबाट असंलग्नता छैन अथच साहित्यिक कल्पनाको उडानमा पनि औचित्य-परिधिको उल्लङ्घनाभाव, राजभक्तिको धारावाही प्रवाहमा पनि यथाशक्ति औद्धत्यको परित्याग र आधुनिक स्वच्छन्दवर्णनाको परम्परामा पनि अनुल्वणत्व अक्षुण्ण स्थापित छन् तापनि देश नरेश भक्ति-सागरमा

मलाई मग्नोन्मग्न हेर्दा सहृदय पाठकगण मानवसह जात-भ्रान्तिले रहेका विविध वाच्यता अंशलाई क्षमागरी उत्तरोत्तर ह्रासोन्मुख-संस्कृत कविताको कठोर बाटोमा प्रोत्साहन सेचनद्वारा प्रशस्त कोमलता ल्याउनु होला भनी आशामा छु मलाई यो पनि विश्वास छ कि यो सानो ग्रन्थले नेपालमा राष्ट्रिय भावना, देश प्रेम, नेपाली संस्कृति, एकता प्रतीक-नरेशको भक्ति, असाधारण प्राकृतिक मनोहरता र सुचालित पञ्चायत व्यवस्थाहरूको महत्व प्रख्यापनमा (केही अंशमा) अवश्यमेव सफलता पायो होला !!!

यस ग्रन्थलाई हेरी स्वीकृत गरी संस्थानद्वारा प्रकाशित गन आदेश दिनु भएका ने. सा. संस्थानका अध्यक्ष–नि. सं. तथा यातायात मन्त्री,प्रख्यान–कविवर माननीय श्रीमान् केदारमान 'व्यथित' ज्यूको प्रति सोल्लास ससाधुवाद हार्दिक कृतज्ञता ज्ञापन गर्दछु किनकि यहाँको दयादृष्टि नभएको खण्डमा साहित्य प्रेमी तपाईहरूको समक्ष यो उपहार टक्र्याउन म कसरी सक्थें ?

अमूल्य समय लगाएर टीकासमेत मर्म ज्ञानपूर्वक सकलपद्य पढी विविध विषयको सत्यपरामर्श दिएका र प्रकाशनको सन्मार्ग पनि देखाएका पं. श्रीयुत श्रीकृष्ण मिश्रज्यू (रा. प. स., प्र. प्र. गो. द. बा., म. वि. भू.) लाई लक्षशः– धन्यवाद !!! कोटिशः शुभाशीर्वाद !!!

यस ग्रन्थको निर्माणार्थ प्रथमतः प्रोत्साहन गर्नु भएका प्रकाशनमा प्रशस्त सहयोग दिनु भएका र धेरै समय लगाएर मुद्रण संशोधन पनि गर्नु भएका प्रसिद्धदार्शनिक पण्डित–प्रोफेसर श्रीयुत चूडानाथ भट्टराय-ज्यूलाई अनन्त धन्यवाद नदिई म रहन सक्तिन !, उहाँको सहयोग सधैं अविस्मरणीय रहने छ ।

राज विषयक रत्याख्य-भाव प्रधानक यो काव्य संस्कृत जगत्लाई चेतना प्रदान गरी कर्मशील तुल्याउन अल्प पनि सहायक भयो भने म

कृतार्थ हुनेछु र सदादेखी संस्कृत सत्काव्य निर्माणकलामा अग्रेसर हुँदै गएको यो नेपाल राष्ट्र अझ पनि त्यस परम्परामा प्रगतिशीलता राखी देश विदेशमा गौरव बढाउँदैछ भनी उत्साहित भएका संस्कृत प्रेमी छात्र छात्रीहरूको मनोवृत्तिलाई अधिक उन्नत गर्न समर्थ भयो भने म आफ्नो प्रयासलाई सर्वथा सफल माननेछुं इतिशम् जय नेपाल !!! जय नरेश !!!

जनकपुर धाम
१३।२।२०२४

प. जीवनाथ झा

अनुरक्ता यद्भक्ताः सततं शक्ताः सपत्नचय-विजये
गुह्येश्वरी-सनाथः पशुपतिनाथः स मे नाथः ॥

जसका अनुरक्त भक्तहरू सकल शत्रुको विजयमा सदा समर्थ छन् यस्ता गुह्येश्वरी समेत पशुपतिनाथ मेरा स्वामी हुन् ।

(२)

दुरितहरौ श्रुतिसारौ जगदाधारौ दयामहासिन्धू ।
पूरितसुरमुनि-कामौ सीतारामौ शिवं तनुताम् ॥

वेद प्रसिद्ध, विश्वका आधार, दयाका महासागर, पापनाशक-र देव तथा मुनिका कार्य साधक-सीताराम कल्याण गरून् ।

(३)

इदं काव्यं नव्यं यदपि नहि भव्यं धुरि सतां
कलावद्भिः श्रव्यं तदपि पठितव्यञ्च कुतुकात् ।
यदीशे हिन्दूनां गुणतति मदूनां कलितवद्
गिरो यद्देवानां प्रगतिमय-सेवाऽत्र निहिता ॥

यो नवीन काव्य विद्वानहरूको अगाडी नराम्रो भए पनि कौतुक वश कलावानले सुनन र पढन योग्य छ किनकि यस काव्यमा हिन्दूका अध्यक्षमा रहेका विशालगुणगण वर्णित छन् र देववाणीको विकास–सूचक–सेवा पनि गरिएको छ ।

(४)

केवलदोषं पश्येन्मलमिव कीटोऽत्र दुर्जन प्रवरः ।
पुष्प–सुरभिमिव भृङ्गो गुणमात्रं निर्मल सुजनः ॥

कीरोले मलमैं दुर्जन सिर्फ दोषनै हेर्ला र भौंरोले फूलको सुगन्धमैं सज्जन केवल गुणनै हेर्नें छन् ।

(५)

नकश्चित् संसारेऽप्यतिततविसारे क्षितिपति-
र्वचोऽतीतां धन्यो मृदु निदधदन्योऽवनकलाम् ।
यशो व्रातं कुर्वन् गुणभरित शातं लिपियुतं
प्रवर्तेऽविक्षेपादतुलदय–नेपाल नृपतेः ॥

अतिविशाल पनि विश्वमा कोहीपनि राजा यस्तो सुन्दर पालन कलावान् धन्य अर्को हुन्न अतः अनुपम दयालु–श्रीमान् नेपाल नरेशका विविधगुणयुक्त यशोराशिलाई म आफ्ना हृदयोद्गारले प्रेरितभई लेखयुक्त गरिरहन्छु ।

जन–जलज–दिनेशः ख्यात कीर्ति–क्षपेशः
प्रथित–नृपति–नीति विश्वचञ्चत्सुरीतिः ।
अधिधरणिवदान्यः सर्वदेशैकमान्यः
क्षितिवलय-सुरेन्द्रः श्री महेन्द्रश्चकास्ति ॥

जसको यशरूपचन्द्र र राजनीति ख्यातभएकोले विश्वमा सुन्दर शासनप्रणालीको कुरो फैलिसकेको छ प्रजाकमलमा सूर्य भैं–सकल देशद्वारा माननीय–महोदार–र वसुधामा आएका देवराज यस्ता श्री ५ महाराजाधिराज महेन्द्र शाभमान होइबक्सिन्छ ।

भ्रष्टाचारमुलूकवृन्दमधुना प्रच्छन्नतां प्रापय—
न्नुद्योगाब्ज–कदम्बकं सुरभितं सर्वात्मना हासयन् ।
न्यायं ध्वान्तमलीमसं सुपदवीमालोकयन्नुज्ज्वलो
भाति श्रीप्रथितप्रतापकिरणः श्रीमान् महेन्द्रो रविः ॥

भ्रष्टाचार रूप उल्लूक पक्षीलाई तिरोहित गराउदै उद्योग रूप कमलमा सुगन्धयुक्त विकास गराउदै अन्धकारबाट मलिन भएको न्यायलाई सुहाउदो बाटो देखाउदै प्रतापरूप किरणद्वारा श्री ५ महेन्द्ररूप सूर्य शोभा पाइरहेका छन् ।

(८)

केचिन्नीति–विचारशो पटुतया श्रेष्ठं बलिष्ठं परे
संजल्पन्ति नरोत्तमत्वधरणादन्येऽधिराजत्वतः ।
दिक्पालांशतया प्रभोऽधिधरणिप्राप्तावतार श्रियं
श्रीमन्तं नरदेव ! कान्तिलसितं नारायणं मन्महे ॥

हे नरदेव ! श्रीमान्लाई कोही नीतिशास्त्रमा निपुणताले, कोही पुरुषोत्तमत्व धारणाले, र कोही महाराजाधिराजत्वले श्रेष्ठ तथा बलशाली मान्दछन् हे प्रभो ! मं त मौसूफलाई दिक्पालको अंशलिएर भूतलमा अवतीर्ण भएका मनोहर स्वरूप 'नराणांच नराधिपः' को आधारमा नारायण नै मान्दछु ।

(९)

आदित्यो बुधसारसप्रकटने, दुश्शासन ध्वान्तहा—
चन्द्रः, सत्कृति–मङ्गलः, सुकविता–ज्ञानैकतानो बुधः ।
सामादिप्रथने गुरुः, कुटिलतानीतौ कवि, द्वेषण—
व्रातोप्यात निपातने क्षितिपते साक्षाच्छनि मन्यसे ॥

हे राजन् ! मौसूफलाई प्रजाहरू पण्डित कमलमा आदित्य, कुशासन रूप अन्धकार—नाशमा चन्द्र, राम्रो कार्यमा मङ्गल, काव्य ज्ञानमा बुध, शान्ति प्रचारमा गुरु, कौटिल्यनीतिमा शुक्र र शत्रुनाशनमा शनैश्चर मान्दछन् ।

(१०)

पशुपतिकृतरक्षा–विगत विपक्षाऽधिकतरदक्षा
मञ्जुवराऽतिगुरुत्वधरा
नयपालसुनामा वृहदभिरामा सुविदितधामा
यन्नगरी बहुनोदकरी।
नत–भूपति–मालाऽर्पित–सुममाला–विलसित मालाऽ
तुलवदनः कृतरिपुकदन
श्रीमन्! वरवीरी नृपगणहीरो विमल गभीरो
जयसितरां शासत स धराम्॥

जहाँ पशुपतिनाथको रक्षाले विपक्ष रहन सक्दैनन् यस्तो सुखप्रद–अधिकदक्षअपूर्व गौरवशाली–परम मनोहर–विख्यात तेजस्वी आनन्दको आधार–नयापाल नामको राजधानी मौसूफको विराजमान छ र सामन्त राजधानी मौसूको विराजमानछ र सामन्त राजाहरूले टक्राएका मालाबाट सुन्दर भालशाली कन्दर्पलाई पनि निन्दित गर्ने मौसूफको अनुपम मुख परमशोभा दीरहेको छ र राजाहरूमा हीरासमान चमकीलो निर्मल गम्भीर परमवीर पृथ्वीलाई शासन गरिबक्सिने श्री ५ महाराजाधिराज सरकार सर्वोत्कृष्ट होइबक्सिन्छ।

(११)

घनगतपृथुभालाः सौधमाला विशालाः
सततचलितयाना यत्र नाना सुमार्गाः।
कलितललितलोका त्यक्तशोका लसन्ती
विहितदुरितहानी राजधानी त्वदीया॥

मौसूफको राजधानी बडो रमणीय छ जहाँ मेघमाथि अगला अगला प्रासादहरू र विविधगाडीको यातायातले संकुल सुन्दर मार्गहरू हुन् र आनन्दमा मग्न सुन्दर मानिसहरू बस्दछन् र जहाँ कुनै प्रकारको क्लेश छैन।

(१२)

भाति यत्र निजभक्तपालिका शंकरेण सह गुह्यकालिका
पुण्यतीर्थवर–यामदण्ड–पं द्योतते तदिह काष्ठमण्डपम् ॥

जहाँ पशुपतिको साथ गुह्येश्वरी भक्तवृन्दलाई पालनगर्दै वसेकी छिन् र जहाँ पुण्यप्रद-तीर्थभएकोले यमकृत दण्ड पनि छैन त्यो काठमाडौं शोभा पाइरहन्छ ।

(१३)

यत्र नीतिमवलम्ब्य शासनं श्रीमहेन्द्र नृपतिः प्रवर्तयन् ।
मह्यते सकलविश्व मानवै र्द्योतिते तदिह काष्ठमण्डपम् ॥

जहाँ नीतिपूर्वक शासन चलाइवक्सेका राजा श्री ५ महेन्द्र समस्त विश्ववाट आद्रित होइवक्सिन्छ त्यो काठमाडौं शोभायुक्त छ ।

(१४)

काशिकेव बुधराजिराजिता वीथिका विविधदेवभूषिता ।
वाग्वती लसति यत्र जान्हवी द्योतते तदिह काष्ठमण्डपम् ॥

जहाँको गली अनेक देव र पण्डित मण्डलीले भूषित छ र जहाँ वागमती गङ्गा बहिरहन्छ काशी झैं त्यो काठमाडौं शोभा शाली छ ।

(१५)

अङ्कमाप्य नगभूमृतः प्रियं मञ्जुलालितमिवात्मसम्भवम्
यन्मृदुप्रकृति–सुन्दरी–वृतं द्योतते तदिह काष्ठमण्डपम् ॥

जो हिमालयको काखलाई प्राप्तगरेर सुन्दर लालित प्रिय छोरा झैं लाग्दछ त्यो कोमल प्रकृति रूपसुन्दरीबाट वरणगरिएको काठमाडौं शोभितछ ।

(१६)

यस्य निर्धनतरोऽपि शासने राष्ट्र उच्चपदमाप्तुमर्हति ।
यत्र भाति स महेन्द्रभूपति द्योतते तदिह काष्ठमण्डपम् ॥

राष्ट्रमा रहेका निर्धनहरू पनि जसको शासनमा उच्चपद पाउन सक्दछन् यस्ता प्रसिद्ध राजा श्रीमहेन्द्र जहाँ राज गरिबक्सिन्छ त्यो काठमाडौं शोभापाइरहन्छ ।

(१७)

रूपिणी प्रकृतिरेत्य सादरं वर्द्धयन्त्यनिशमत्र रूच्यताम् ।
कौतुकं नयति विश्वमानवं राजते तदिह काष्ठमण्डपम् ॥

जहाँ प्रकृतिनै रूपधारण गरी दिनरात सौन्दर्य बढाउदै विश्वका मानिसलाई आश्चर्य गराउछ त्यो काठमाडौं शोभा पाइरहन्छ ।

(१८)

अस्ति यत्रहि सुवर्णसौधके प्राप्तशङ्करविचन्द्रमण्डले ।
लङ्कया न तुलना सुमानवे राजते तदिह काष्ठमण्डपम् ॥

जसमा सुवर्णबाला प्रसाद र सशङ्क आदित्य र चन्द्रमा रहे पनि सुन्दर मनुष्यहरूले भूषित भएको हुनाले मनोहरत्वमा लङ्काको साथ तुलना हुनसक्दैन त्यो काठमाडौं शोभित छ ।

(१९)

पञ्चपद्धतिमवाप्य शोभनां यत्र शासति महेन्द्र भूपतौ ।
दुर्जनेऽधिरिरि भीः कठोरता राजते तदिह काष्ठमण्डपम् ॥

जहाँ राज्यो पञ्चायत तरीका लिएर शासन गरिबक्सिरहेका श्रीमहेन्द्र प्रभुको समयमा दुर्जनमा नै र पर्वतमा नै कठोरता रहन्छ त्यो काठमाडौं शोभित छ ।

(२०)

काव्यं यस्य महत्वशालि ललितं सत्कोविदै र्मन्यते
शीलञ्चापि, बहुज्ञतामुपगते तस्मिन् कविन्नातके।
यस्मिन् गौरवमादधाति नितरां सत्काव्य लोकोऽधुना
तच्छोभालय–काष्ठमण्डपमिदं विद्योतते भूतले॥

महान विद्वान् पनि जसको काव्य महत्वपूर्ण सुन्दर मान्दछन् र स्वभाव पनि राम्रो मान्दछन् यस्ता विविध शास्त्रवेत्ता कविहरूमा काव्यजगत् जहाँको गौरव बढाउंछ त्यो परम सुन्दर काठमाडौं संसारमा शोभित छ।

(२१)

यद् बुध्यते बुधवरैः किल सर्वविद्या–
केन्द्रं, विलासभवनं रसिकै र्ललामम्।
शान्तिस्थलं यतिवरैरमरैः सुमेरू–
र्वेदप्रचारसदनं श्रुतिशान्तपापैः॥

जो काठमाडौं विद्वानबाट सकलविद्याकेन्द्र, रसिकबाट सुन्दर विलास–भवन, योगीबाट शान्तिस्थल, देवताबाट सुमेरु, र वैदिकबाट वेदविद्याको मुख्यस्थान मानिन्छ।

(२२)

द्वीपंमणेरचलजाचरणाऽनुरक्तै
र्देवेशमुख्यनगरं त्रिदिवप्रतिष्ठैः।
बङ्गालयैः सकल सिद्धिद–कामरूपं
कैलास ईशगणकै र्ननु मन्यते तत्॥

जो काठमाडौं शाक्तहरूबाट मणिद्वीप, स्वर्गवासीबाट इन्द्रपुरी, बङ्गवासीबाट सिद्धपीठ कामरूप, र शिवभक्तबाट कैलास मानिन्छ।

(२३)

विलक्षणा विचक्षणाः शुभेक्षणाः श्रुतिक्षणाः ।
मनन्ति यत्र सन्ततं समन्ततः समन्ततः ॥

जहाँ तीक्ष्ण बुद्धि-वेद पारङ्गत-उत्कृष्ट विद्वान्हरू सतत चारैतर्फ अन्तसम्म मनन गर्दै रहन्छन् ।

(२४)

राजन् ! तव प्रतापेन लज्जितेव तलं गता ।
यत्र बोधपथं नैति प्राणिनां तापदोष्णता ॥

हे राजन् ! जहाँ प्राणीहरूको सन्ताप कारक उष्णत्व छैन लाग्दछ मौसूफको प्रतापले लज्जितभै तलगएको हो कि ?

(२५)

छात्रा यस्य परश्शताः सुकृतितः सद्दर्शने दर्शित-
प्रज्ञाः सुप्रथयन्ति कीर्तिममलामस्मिँस्तथा भारते ।
ते सद्दार्शनिका वसन्ति बहवो यत्र प्रसादोदयाद्
भूमीपाल ! तव प्रसिद्ध परमोदारस्य विद्वद्वराः ॥

हे राजन् ! जसका शताधिक छात्रहरू दार्शनिक विद्वान् भएर नेपाल तथा भारतमा अमल कीर्ति फैलाइ रहेका छन् यस्ता प्रसिद्ध दार्शनिक विद्वान्हरू मौसूफको उदार-वाले प्रसन्नतापूर्वक वस्दछन् ।

(२६)

आसीद्यत्र सुभीमविग्नहतया सद्धर्म जातप्रित-
प्राप्तामोदतया रिपुक्षय कराऽनन्तौज आसाहनात् ।

उद्यच्छुर्जय—वैरिवृन्द—दलनोदामैकखड्गो बली
साक्षाद्भीम स्थितः क्षितिपतिः पृथ्व्यादि नारायणः ॥

जहाँ भयङ्कर शरीरले, धर्मजात=पुण्यसमूह र युधिष्ठिरको प्रिय भएको प्रसन्नताले, शत्रुनाशकारी अत्यन्त शक्तिले र परमवली विरोधीलाई खण्ड खण्ड गर्न समर्थ–तलवारले ठीक भीमसेन समान बलवान् श्री ५ म० पृथ्वी नारायण शाहदेव होइबक्सिन्थियो ।

(२७)

अर्जुनवत् प्रिय भीमो भीमसमो दुष्टशासनोन्माथी ।
रघुरिव जनताऽऽनन्दी शरणागतवत्सलोऽपरो रामः ॥

जो अर्जुनसमान प्रिय, भोम (भीम=भीमसेन र शंकर) भीमसमान दुष्ट शासनको नाशक, (दुष्ट शासन=दुश्शासन र कुशासन) रघुको समान जनतालाई आनन्द दीने र राम समान शरणागत–वत्सल होइबक्सिन्थियो ।

(२८)

विविधं राज्यं येनाऽऽयोजितमैक्ये महाबलिना ।
तद्गौरव मधुनाऽपि द्योतत एवात्र चक्षुषो रम्ये ॥

महान् शक्तिशाली–जसले अनेक राज्यलाई एक गरिबक्सियो त्यो गौरव आज पनि आँखाको सामुने प्रकाशमान छ ।

(२९)

वाणीन्दिरा च मिलिते परिहाय वैरं
यस्मिन् मुदैव शत हायनतो वसन्त्यौ ।
औन्नत्यमाकलयतो नृपते ! त्वदीयं
तत्काष्ठ मण्डपमिदमुन्नतं भृशमुन्नतंस्यात् ॥

जसमा लक्ष्मी र सरस्वती वैर छाडी मिली शयवर्षदेखी आनन्दपूर्वक वासगर्दै अत्यन्त उन्नति गरिरहन्छिन् हे राजन् ! मौसूफको यो काठमाडौं धेरै उन्नति होस् ।

(३०)

ओजायमानो नृप ! दृश्यतेऽन्यो ओजायमानः सुकविस्त्वमेव ।
नचित्रमेतन्नयपालपालो हिन्दूपतिस्त्वं यत एक-एव ॥

हे नृप ! अर्को राजा ओजस्वीत देखिन्छ तर भोजराजका समान सुकवि राजा मौसूफनै होइवक्सिन्छ यो आश्चर्य होइन किनकि विश्वमा नयपालपाल र हिन्दूपति एक मात्र मौसूफ नै होइवक्सिन्छ ।

(३१)

आस्तां कश्चित् पक्षपाती विपश्चित्
मध्यस्थैव प्रोचमानास्ति बुद्धिः ।
सङ्घे बद्धाः सन्तु भूपाः कियन्तो
धन्याऽभीति स्तेऽस्ति तटस्थ्यनीतिः ॥

कोही पक्षपात गर्ने विद्वान् रहोस् तर उहाँको मध्यस्थ बुद्धि नै उच्चमर्यादा पाउँछ तेस्तै कैयौं राजा दलमा बद्ध रहून् तर मौसूफको निर्भय तटस्थ नीति धन्य हो ।

(३२)

सत्यता वीरता राजन् ! स्वच्छताऽस्ति गभीरता ।
नीतिशास्त्रं महास्त्रं ते वसुधैव कुटुम्बकम् ॥

हे राजन् ! मौसूफको सत्यता नै वीरता हो पवित्रता नै गम्भीरता हो नीति शास्त्र नै समस्तविश्व नै कुटुम्बवत् मित्र हुन् ।

हेदेव ! सौभाग्यमहो महीय
स्त्वयैवं लब्धं महता भवेऽस्मिन् ।
भावत्कराज्ये मिथिलाऽवनौयत्
सीताख्यलक्ष्मीः स्वयमुल्लास ॥

हे प्रभो ! परम सौभाग्यशाली मौसूफले नै यस्तो महान् सौभाग्य पाइसक्सेको छ जो कि मौसूफको राज्यमा नै मिथिला भूमिमा सीतानामकी साक्षात् लक्ष्मीले स्वयं प्रकट भई परम उल्लास गरिबक्सियो ।

(३४)

राज्ये यदीये परिशान्तचेता अध्यात्मविद्याप्रथिताऽभिधानः ।
श्रुतिप्रसिद्धो जनको गुरुत्वं चकार धन्यं निजजन्मजन्यम् ॥

जसको राज्यमा अध्यात्म विद्याको नामी विद्वान्–शान्तहृदय–श्रुतिस्मृतिप्रसिद्ध राजर्षि जनकज्यूले आफना धन्य जन्मबाट महान् गौरव प्रदान गर्नु भयो ।

(३५)

बुधगण–महित श्रीर्याति सान्निध्य मप्या—
श्रित–सुकृत निदेशं शासनं कुर्वतस्ते ।
श्रुतिकलित—महत्ता ब्रह्मविद्या–विभूति—
र्जनकपुर समाख्या तीर्थभूमिः प्रसादम् ।

देश विदेशबाट आएका विद्वानहरूद्वारा जसको शोभा बढेको छ वेदले पनि जसको महत्व देखायेको छ यस्तो ब्रह्मविद्याको विभूतिस्वरूप—'जनकपुर' नामको तीर्थभूमि हिन्दूधर्म रक्षापूर्वक शासन गरिबक्सिरहेका मौसूफको सामीप्यबाट प्रसन्नता प्राप्त गरिरहन्छ ।

(३६)

ब्रह्मविद्या–महाभूति–विश्वविख्यात–गौरवः ।
बभूव यत्र वास्तव्यो याज्ञवल्क्यः प्रवक्तृकः ॥

जहाँ ब्रह्मविद्या रूप महान् वैभवको कारणले विश्वमा विख्यात गौरवशाली याज्ञवल्क्यज्यू निवासी भएर प्रवचन गर्नु हुन्थ्यो ।

(३७)

वेदवेदाङ्ग–तत्वज्ञ स्तपोनिष्ठो वसन्मुदा ।
ब्रह्मर्षि गौतमो यत्र पौरोहित्यमचीकरत् ॥

जहाँ बसेका वेदवेदाङ्गमा निष्णात तपस्वी ब्रह्मर्षि गौतमज्यू पौरोहित्य गराउनु हुन्थ्यो ।

(३८)

राजर्षिसीरध्वज–बुद्धदेवौ विश्वप्रसिद्धौ प्रशमैककृत्यौ ।
जन्याऽधिराज्यं गुरुतामदातां राजन् ! न सा वाक्पथमेति मन्ये ॥

हे राजन् ! म मान्दछु मौसूफको राज्यमा विश्वविख्यात र शान्तिस्थापक राजर्षि जनक र बुद्धदेवले आफ्ना जन्मद्वारा जो गौरव दिनुभएको छ त्यो वाणीको बाटोमा आउनसक्तैन ।

(३९)

प्राप्य यस्य महनीयशासनं तुङ्गगौरव–तरङ्गचुम्बिनी ।
विश्वबौद्धचयपूज्यभूमिका राजते वसतिरत्र लुम्बिनी ॥

मौसूफको सुन्दर शासनपाएर विशाल गोरवको तरङ्गले युक्तभएको संसारका सकल बौद्धहरूको पूज्यभूमि लुम्बिनी ग्राम शोभा पाइरहेको छ ।

(४०)

दृष्ट्वा भावत्कं नृप ! नगरं जनताविस्तृतवैभवसुधरम् ।
विद्यन्माला-नाशित तिमिरं विस्मयते मत्वा स्थिरमिहिरम् ॥

हे राजन् ! जनसमूह मौसूफको राजधानीलाई विशाल विभूतिशाली घेरै बिजुलीबाट रातिमा पनि प्रकाशमान हेर्दै यहाँ सूर्यलाई स्थिरमानेर आश्चर्यमा पर्दछन् ।

(४१)

किं हीरकगणविलसितभाला ? दीप्यमानफणिमणिवरमाला ? ।
वा दधाति तारा चयमेषा ? नृपधानी शङ्कात्मकवेषा ॥

बिजुलीहेरेर जनता सन्देह गर्दछ कि राजधानीको भाल हीरासमूहले शोभित छ ? कि नागमणिमालाले ? वा तारा समूहले ?

(४२)

त्वं विष्णुरूपो नृप ! रत्नराज्यलक्ष्मी रमा स्वद्र्दलञ्च हस्तः ।
मन्दाकिनी राजति वाग्वती चेत् स्वर्गः कथं तेऽस्ति न राजधानी ? ॥

हे राजन् ! श्रीमान् नै विष्णुरूप, महारानी श्रीरत्नराज्यलक्ष्मी नै लक्ष्मी, राजदम्पतीका कोमल कर नै कल्पवृक्षको पल्लव, र वागमती नै स्वर्गङ्गा शोभित भएकाले मौसूफको राजधानी स्वर्गपुरी किन होइन ?

(४३)

विश्वेश्वरः पशुपतिर्वसुधाऽन्नपूर्णिका
गुह्येश्वरी लसति शैलसुता दयावती ।
गङ्गा च यत्र दुरितं द्यति वाग्वती नदी
वाराणसीयति नकिं नृप ! काष्ठमण्डपः ?॥

हे नृप ! के काठमाडौं काशीमैं लाग्दैन ? (अवश्य लाग्दछ) किनकि जहाँ पशुपति नै विश्वनाथ, भूमि नै अन्नपूर्ण, गुह्येश्वरी नै दयालु पार्वती र पाप नाशिनी वागमती नै गङ्गा छन् ।

(४४)

रक्षन्नपि जनवर्गं प्रोन्नयमानोऽपि सर्वतो देशम् ।
विश्वपथं पश्यन्नपि कवयंसि राजन् ! त्वमेवैकः ॥

हे राजन् ! प्रजावृन्दलाई पालनगर्दा, सकल प्रकारले देशलाई विकसित गराउदा, र विश्वको रीति हेर्दा पनि एकमात्र मौसूफ कविता गरिबक्सिन्छ ।

(४५)

सत्कविगणोऽपिललितां यस्य सुकवितां तवाकर्ण्य ।
प्रौढमहाकविरचितां ध्वनिरसमहितामिवाऽऽदत्ते ॥

सुकविहरू पनि मौसूफको सुन्दर कविता सुनेर प्रौढ महान् कवि रचितध्वनि रसले उत्कृष्ट-काव्य समान मान्दछन् ।

(४६)

विश्वपूज्य-गुरुत्वोऽपि राजन्नपि सुशासनः ।
प्राप्त सर्व प्रभुत्वोऽपि विनयी विनयीं भवान् ॥

हे राजन् ! मौसूफ विश्वविख्यात गौरवशाली-सुन्दर शासक र सर्वप्रभुसत्ता सम्पन्न भएमा पनि विशिष्ट नीति भूषित र गुरुवर्गप्रति विनयशील होइबक्सिन्छ ।

(४७)

अवनतिमुपयातेऽप्यत्र काले कराले
नृप ! कलितनिदेशं तेऽधिदेशंलसन्ते ।
प्रविलसदवदानाः प्राच्यविद्या प्रधानाः
प्रथितविबुधमालाः पाठशाला विशालाः ॥

हे राजन् ! यसक्रूर कालमा संस्कृतको अवनति भएमा पनि मौसूफको राज्यमा धेरै विशालपाठशालाहरू आदेशानुसार चलिरहेका छन् जसमा प्रख्यात विद्वानहरू संस्कृतविद्या पढाइरहेका छन् र जनताद्वारा जसको प्रशंसा भैरहेछ ।

(४८)

सर्व विषयक–पृथुल–सञ्चित–पुस्तकावलि–राजितः
सकलदेशागत–मनीषि–गण – स्तवस्तवकाऽऽद्रितः ।
पुस्तकालय एष नृपवर ! 'वीर'–निर्मित सञ्चयः
प्रेजते भवदीयदयया जायमान–महोदयः ॥

हे महाराजाधिराज ! मौसूफको वीर पुस्तकालय विश्वविख्यात छ । जसमा सकल-शास्त्रका अनन्तपुस्तकहरू छन् जसलाई हेरेर देशविदेशबाट आएका विद्वानहरू धेरै प्रशंसा गर्दैछन् जोकि विद्याप्रेमी श्रीमान् वीरशम्शेरज्यूबाट सञ्चित भएकोमा ऐले मौसूफको दयाबाट धेरै उन्नति भैरहेको देखिन्छ ।

(४९)

काव्यकलाधरतामपि विभ्रद्द्वेषिप्रतापनो राजन् !
श्रीलो नरोत्तमोऽपिच पुण्यजनप्रेम रक्षको भासि ॥

हे राजन् ! मौसूफ काव्यरूप चन्द्रत्व धारणगरे पनि शत्रु माथि सूर्य होइबक्सिन्छ (विरोध) काव्यको कलालाई धारण गर्ने र शत्रु सन्तापक होइबक्सिन्छ (परिहार) लक्ष्मी युक्त विष्णु भए पनि असुर माथि प्रेम राखने (विरोध) श्री ५ नर श्रेष्ठ र धर्मात्मा माथि स्नेहकर्ता होइबक्सिन्छ (परिहार) ।

(५०)

प्राचीनां च नवीनां च नीतिं मेलयतः प्रभो !।
पाश्चालीमिव रीतिंते कोऽभिनन्देन्न हर्षदाम् ?॥

हे प्रभो ! आनन्दप्रद पाश्चाली रीति मैं प्राचीन र नवीन नीतिलाई मिलाइबक्सेका मौसूफलाई को मानिस अभिन्दन गर्दैन ?

(५१)

सुधीनिकार—सञ्चिताऽखिल—दरिद्रता-दिग्गज—
प्रणाशनकरोद्यत – प्रबलधाम – पञ्चाननः ।
महेश्वर – पदाम्बुज-प्रचुर भक्ति – निर्वासित—
प्रतीकरिपुविघ्नको विजयसे प्रभोऽहर्निशम्॥

प्रभो ! मौसूफ विद्वानहरूले सञ्चितगरेको दरिद्रता रूप समस्त दिग्गजलाई नाशगर्न तत्पर-अधिकतेजस्वी सिंह होइबक्सिन्छ र पशुपतिको चरणकमलमा रहेको विशेष भक्तिबाट शरीरकाशत्रु कामक्रोधादि रूप विघ्नलाई धपाइबक्सिएकोले दिनरात विजयी होइबक्सिन्छ ।

(५२)

प्रचण्डभुजदण्डज-प्रततविश्व-विख्यापित –
प्रताप—दिवसेश्वर—प्रखरताधित—द्वेषणः ।
विकासकृति-सद्यशो-विधुवराऽतप क्षोभित—
क्षपापति—करोत्करद्युतिरतीव संराजसे ॥

मौसूफको प्रबलबाहुको विश्वविदित-विशाल-प्रताप रूप सूर्यबाट शत्रुहरू अत्यन्त सन्तापित छन् र राष्ट्रमा रहेका विकास कार्यहरूको कीर्ति रूप चन्द्रमाको प्रकाशबाट प्रसिद्धचन्द्रमाको किरणावली कान्ति मन्दभएको छ अतः मौसूफको शोभा अत्यधिक प्रकाशमान देखिन्छ ।

(५३)

यस्यामतिलीनो हृष्यति दीनोऽपिच धनहीनो–निखिलजनः
स्वल्पव्ययसाध्या विज्ञाराध्या खलजनवाध्या सदयमनः ! ॥
प्रभुवर ! तवमत्या सुस्थिरगत्या स्थापितवत्याऽद्रित ! नितरां
पञ्चायतरीतिः साहितनीति र्व्यपगतभीति र्जयतितराम् ॥

हे दयालु परमरादरणीय प्रभुवर ! मौसूफको सुमतिबाट स्थापित भएको पञ्चायती रीतिमा तत्पर रहेको धनहीन दीनपनि जनता प्रसन्न देखिन्छ, कसमा खर्च कम छ, जसको आदर विद्वान्हरू गर्दछन् जसको वाधा दुष्ट मानिस मात्रले गर्दछ र जसको अवलम्बनमा कुनै प्रकारको भय छैन त्यस्तो नीतिशास्त्रानुमोदित पञ्चायती पद्धति शोभा पाइरहेको छ ।

(५४)

सीतेवाऽतिदयोज्ज्वला कृतिपरा मान्याऽनसूया यथा
सौन्दर्ये दमयन्तिकेव मधुरा गौरीव शम्भुप्रिया ।
सावित्रीव सुदक्षिणेव शुभदा चारून्धतीवाधुना
राज्ञीधर्मरता प्रजावनपरा श्रीरत्नराज्या रमा ॥

सीताझैं दयालु र कर्तव्यपरायण, अनसूयाझैं माननीया, दमयन्तीझैं सौन्दर्य शालिनी पार्वतीझैं मधुरभाषिणी गौराङ्गी र शिवभक्ता, सावित्रीझैं दाक्षिण्यवती, सुदक्षिणाझैं शुभप्रदा र अरून्धतीझैं धर्मनिरता महारानी अधिरानी श्री ५ रत्नराज्यलक्ष्मी प्रजाहरूको रक्षामा तत्पर होइबक्सिन्छ ।

(५५)

रक्षाय सततरतः सुविक्रमो जनानां
साश्चर्यं निजसकलं दयासखः सुराज्यम् ।

तातस्ते ससुखमदात् स्वयं प्रभो ! प्रजाभ्यो
मान्यः श्री त्रिभुवन वीर विक्रमो नृपालः ॥

हे प्रभो ! प्रजारक्षामादक्ष–परमपराक्रमी–दयालु–परमसंमाननीय–मौसूफका पूज्यपिता–महाराजाधिराज श्री ५ त्रिभुवन वीरविक्रम शाहदेवज्यूले आफ्नो सकल सुन्दर राज्य प्रियप्रजाहरूलाई आनन्दपूर्वक दी प्रजातन्त्रको श्रीगणेश गरिबक्सियो यो आश्चर्यको कुरो हो ।

(५६)

वदान्यमान्याजननी यशोदेव शिशुप्रिया ।
कौशल्येव दयाधीना पुण्यात्मा यस्य भाति ते ॥

यशोदाझैं शिशुप्रिया, - कौशल्याझैं परमदयालु, र पुण्यात्मा यस्ती मौसूफकी पूज्या माता राजहोइबक्सिन्छ ।

(५७)

तातुल्य दया – दान – प्रजापालादिको महान्
युवराजाऽधिराज-श्री वीरेन्द्रो राजतेतराम् ॥

मौसूफका गुणगणझैं दयालुतादिविविध गुणराखी बक्सेका महान् श्री ५ युवराजाधिराज वीरेन्द्रवीर विक्रम शाहदेवज्यू शोभापाइबक्सिन्छ ।

(५८)

यस्यानुजौ ज्ञाननिधी वीरौ धीरौ च शोभनौ ।
श्रीलौ ज्ञानेन्द्र धीरेन्द्रौ भातः कुशलवाविव ॥

श्री ५ युवराजाधिराजका अनुजपनि ल्यस्तै परमबुद्धिमान्–वीर–धीर र शोभाले

देदीप्यमान श्री ५ ज्ञानेन्द्रवीर विक्रम शाह र श्री ५ धीरेन्द्रवीर विक्रम शाह-कुशलव समान शोभापाइवक्सिन्छ ।

(५६)

इमे भ्रातरः स्नेह मासादयन्तः
सदा रामराज्यं मुहुः स्मारयन्तः ।
जनेषु प्रियं प्रेम संवर्द्धयन्तः
शुभाशीर्वचो भान्ति नित्यं श्रयन्तः ॥

यी तीनै भाई परस्पर अत्यन्त प्रेमराखदै बारंबार रामराज्यकोस्मरण गराउदै प्रजावर्ग-माथि प्रियस्नेह बढाउदै सकलमानिसबाट प्रतिदिन शुभाभिनन्दन पाउदै राजहोइ-वक्सिन्छ ।

(६०)

एकोऽस्मिन् जगतीतले सुकृतवान् हिन्दूपति र्भूपति
रक्षा व्याप्त मानसोऽपि कवितानिर्माण एकः पटुः ।
एकश्चापि समस्तराष्ट्रिय-सुहृद्भावप्रभावान्वितो
राजव्रातविधो ! त्वमेव विदितो नान्योऽस्ति मान्योदितः ॥

हे नृपसमूहचन्द्र ! विश्वमा पुण्यशाली हिन्दूपतिराजा एकनै मौसूफ होइवक्सिन्छ, प्रजाको रक्षामा दिनरातसंलग्नरहेर पनि कविता निर्माणमा पटु राजा एकनै मौसूफ होइवक्सिन्छ, र विश्वका सकलराष्ट्र सङ्ग मैत्री गरेर सम्माननीय प्रभावशाली राजा एकनै मौसूफ विख्यात होइवक्सिन्छ यस्ता सर्वगुणोपेत अर्को राजा छैन ।

(६१)

एकस्ते प्रभुवर्य ! पालनपटो ! देशः सुवेषो महा
नन्वर्थो नयपाल इत्यभिहितो विश्वप्रसिद्धिं गतः ।

वीरा निर्भयतां बलञ्च विपुलं यत्राऽऽदधाना जनाः
शत्रुव्रात–पयोदजात–दलन–प्रोत्पात वाता यथा ॥

हे प्रजापापालनपटुप्रभुवर ! मौसूफको महान् सुन्दर–विश्वविश्रुत–सार्थक–'नयपाल' देश एक नै हो जहाँ धीर र अत्यन्तशूरवीरहरू शत्रु रूप मेघलाई उडाउनमा हूरी (बात्या) झैं छन् ।

(६२)

अजात शत्रु र्नृप ! धर्म जातवत्
त्वं भीमतुल्यो बलि–भीम–सेनः ।
यशोऽर्जुनः पार्थ इव प्रतापवान्
कृष्णायमानो नयशास्त्र–वेत्ता ॥

हे राजन् ! मौसूफ युधिष्ठिर समान अजात शत्रु र धर्मात्मा, भीमसेनझैं बली र भयङ्कर सेनाशाली, अर्जुनझैं स्वच्छ कीर्ति र प्रतापी र श्री कृष्ण समान नीतिज्ञ होइबक्सिन्छ ।

(६३)

दानवारि—तोषित—प्रभूत—दीन संहतिः
शङ्करार्च्चनाऽनिशा—प्त–सर्व भूति–सन्ततिः ।
तटस्थनीति–हिन्दूरीति–कीर्तिगीति–भासितः
प्रजाव्रजाऽधिपालक ! प्रभा–प्रभासि–भाषितः ॥

हे प्रजासमूहका अधिपालक ! मौसूफको दान जलद्वारा दीनहरू तोषितछन् मौसूफले पशुपति पूजाद्वारा सतत नाना प्रकारको वैभव प्राप्त गरिबविसएको छ र मौसूफ मध्यस्थता नीतिशाली हिन्दूप्रणालीको यशोगानद्वारा प्रकाशमान तथा तेजको प्रभाले मनोहर भाषणशाली होइबक्सिन्छ ।

(६४)

शासति नेपालेन्द्रे श्रीलमहेन्द्रे प्रजा वृन्दम् ।
न्यायः प्रमोदमयते भृशं दमयते च शाश्वतंवैरम् ॥

नेपालेन्द्र श्री ५ महेन्द्रको शासन कालमा न्याय (स्वयं) आनन्दलाभ गर्दछ र प्रजाको पुरानोपनि वैरभावलाई हटाइदिन्छ ।

(६५)

आश्रयते सीमानं मानं हित्वा छलं सकलम् ।
क्रोधाग्निः परिशाम्यति ताम्यति नैवाऽऽश्रयाऽभावात् ॥

सकल छल कपट आफ्ना संमान छाडी सीमाको आश्रयण गर्दछ र क्रोधाग्नि स्वतः शान्त रहन्छ आश्रयको अभावले बढ्न पाउदैन ।

(६६)

उद्योगः प्रद्योतं धारयतेऽनेकधा रयते ।
विकसति विकास-शालः सदल विशालः स्वयं देशे ॥

उद्योग प्रकाशलाई धारणगर्दछ र अनेक प्रकारले अगाडि बढ्दछ तथा विकासवृक्ष दल (पत्र र समूह) समेत देशमा स्वयं बढदछ ।

(६७)

विद्या हृष्यति सकला स-कला ज्योत्स्नेव सर्वत्र ।
कान्तिः शान्ति तनुते तनुतेहाऽऽलस्यमायाति ॥

कलापूर्ण चन्द्रिका झैं नानाप्रकारक विद्या खुसी भैरहन्छन् शान्ति शोभा पाइ रहेको छ र कृशता आलस्यलाई प्राप्त गरेको छ ।

(६८)

क्रमवृद्धिं पारयते व्यापारयते समुत्ततिर्वणिजाम् ।
जनवृन्दं मोदयते दयते ससुखं समस्तवस्तूनि ॥

व्यापारीहरू आनन्दित भएर व्यापार गर्दछन् क्रमशः बढदै जान्छन् जनतालाई प्रमोदित गराउछन् र सुखपूर्वक देशी विदेशी सकल वस्तु दिन्छन् ।

(६९)

ग्रामे गतप्रपञ्चः पञ्चचयः पञ्चतेऽवचितः ।
अबलः कोऽपि न शक्यो बलवद्भिर्दीन आक्रमितुम् ॥

ग्राम प्राममा छानेका पञ्चहरू छलप्रपञ्च छाडेर पञ्चैती गर्दछन् कोहीबलवान् मानिसले दीनदुखीलाई सताउनसकदैन ।

(७०)

दीनाऽसुधारणाय हि भूमिसुधारः प्रजायमानश्चेत् ।
अन्नक्लेशोऽशेषः कथावशेषः कथन्न कल्पेत ॥

जबकि दुःखी सुखंवासीहरूको प्राणरक्षाको निमित्त भूमिसुधार योजना कार्यान्वित भैसकेको छ तब आफ्नो देशमा अन्नको साह्रै कष्ट कथा मात्रमा अवशिष्ट किन रहने छैन ? । अर्थात् कुनै कष्ट रहने छैन ।

(७१)

एक स्रगिव सुघटिता प्रान्ते प्रान्ते प्रजा प्रजायेत ।
जनता न नता भविता शुभदरवं गौरवं विन्देत् ॥

एकमाला जस्ता सकल अञ्चलमा प्रजाहरू सुघटित भएमा कोही मानिस अवनत (निम्नगामी) हुने छैन र साधुवादकारक गौरव प्राप्त गर्नेछ ।

(७२)

बहुकटुभाषा मूकति सीदति पाटचरी वृत्तिः।
भ्रष्टाचारः क्रन्दति मन्दति मन्दादरा दृष्टिः॥

मौसूफको राज्यमा फटहाको भाषा मूक छ लुटेराको वृत्ति दुःखी छ भ्रष्टाचार रुन्छ नीचमाथि मन्द आदर बाला दृष्टि खतम भएको छ

(७३)

प्रौढ प्रज्ञाप्रथितमहिमा शास्त्रतत्त्वार्थवेत्ता
राजत्कार्य–प्रगति परम–प्राप्तसद्गौरवाढ्यः।
नित्यं सेव्यो बुधवरगणैः सद्वरिष्ठो गरिष्ठो
भूमीपाल! त्वमिह न कथं जीव मुख्यप्रशिष्यः?॥

हे भूमी पाल! मौसूफ प्रौढबुद्धिले महामहिम—शास्त्र मर्म ज्ञाता—कार्य पटुताले प्रगति गौरवान्वित–पण्डितहरूले (अर्को पक्षमा बुध र श्रेष्ठगणले) प्रतिदिन सेव नीय र महान् गुरुत्वशाली हुंदा बृहस्पतिका मुख्य प्रशिष्य (तुल्य) के होइ नक्सिन?।

(७४)

भीतिर्यस्य हि कुनयान्नतु कठिनादपि निजात्कृत्यात्।
प्रीतिः परमा देशे किञ्च परेशे न जातु निज सौख्ये॥

किनकि जसलाई कुनीतिबाट नै भय छ अत्यन्त कठिन रहेको पनि आफ्ना कर्तव्य-बाट भय छैन र देश तथा परेशमा नै परम प्रेम छ कैले पनि आफ्नासौख्य तर्फ छैन।

(७५)

हे राजन्ते राजधान्यामेपेता
हाहामुख्याः सन्तिकिं मञ्जुकण्ठाः ?।
कुर्वाणानां संशयं बर्द्धयन्यः
प्रीतिं नृणां गायका वादकाश्च ॥

हे राजन्! मौसूफको राजधानीमा रहेका कोमलकण्ठ कलावान् गायक वादकहरू अत्यन्त प्रीति गराउदै रहन्कन् अतः सकल मानिसलाई यो सन्देह हुन्छ कि–यी इन्द्रका गवैया हाहाहूहू छन् कि ?।

(७६)

विद्वद्रक्षा—श्लाघ्यपुण्यैकवर्मा
त्वं भूपासि प्राप्त सद्भाव–कर्मा ।
वाणीसेवा—लब्ध पाण्डित्यधर्मा
विश्वाऽवाप्त—प्रोच्चसम्मान शर्मा ॥

हे भूप ! मौसूफ विद्वान्हरूको रक्षाले श्लाघनीय पुण्य कवच धारण गर्ने–सद्भाव पूर्ण कर्तव्यशाली, सरस्वतीको सेवाद्वारा वैदुष्य धर्मले भूषित भएका, र समस्त विश्वमा सानन्द उच्चसम्मान प्राप्त गरिसकेका होइबक्सिन्छ ।

(७७)

नेपाल—प्रभुवर—पद—भागपि
लक्ष्मी वाणी—भाजनतामपि ।
प्राप्तो भजसि न किञ्चिदगर्वं
नयसे कृत्या चित्रं सर्वम् ॥

हे प्रभो ! मौसूफ नेपालका सर्व प्रभुसत्ता सम्पन्न राजपद तथा लक्ष्मी र सरस्वतीका पात्रत्व पाएमा पनि अखर्व गर्व हीन भएकाले आफ्ना सत्कर्तव्यद्वारा सर्वत्र आश्चर्य फैलाइबक्सिन्छ ।

(७८)

भावत्कपूतहृदयं परिलक्ष्य राजन् ।
नाना विदेशिनृपवृन्दमुदार चित्तम् ॥
प्राप्तप्रमोदभरमेत्य पणं विनैव
चित्रं तनोति वितरद् बहुकोटि मुद्राः ॥

हे राजन् ! मौसूफको पवित्र हृदय हेरेर अनेकानेक उदार चित्र विदेशी राजाहरू अत्यन्त आनन्दपूर्वक आएर विनाशतँ नै कोटिकोटि रूपियाँ टक्र्याउदै विश्वमा आश्चर्य फैलाउछन् ।

(७९)

प्रतिकोणं विश्वस्मिन् मन्ये भावत्क गुणगणा भ्रमणे ।
तत्रत्यानध्यक्षान् वशं वदान् चक्रिरे चित्रम् ॥

संसारका कूना कूनामा मौसूफका गुणगणले भ्रमणगर्दै उहाँ उहाँका अध्यक्षलाई अधीनगरे यस कुरालाई म आश्चर्य मान्दछु ।

(८०)

अहमहमिका महीपा नाश्लिष्यन्ती त्वदर्चायै ।
भिन्नान्मिथो विरुद्धानपिताँस्त्वरतेऽन्यथा कथं राजन् ! ॥

यस्तो भएन भन्ने हे राजन् ! परस्पर विरुद्ध राजाहरूले पनि किन अहमहमिका (म पहिले पहिले) बाट मौसूफो पूजानिमित्त यस्तो शीघ्रता गर्नु हुन्छ ?

(८१)

भवद्यशः स्वरूपतां दधद् विभाति साम्प्रतं
ततं नृपेन्द्र ! विद्यताधिराजधान्यसंख्यया ।

नचेदियं भवेत्तथा शरन्निशीथिनी-पतिं
महाप्रभाप्रकाशत-स्तनुत्वमानयेत् कथम् ? ॥

हे महाराजाधिराज ! राजधानीमा अगणित रहेका विजुलीरूप स्वरूप धारणा गरी मौसूफको विस्तृत कीर्ति शोभापाइ रहन्छ यस्तो भएन भने शरद ऋतुको चन्द्रमा-लाई यो विजुली आफ्ना महान् प्रकारबाट अल्प कसरी गर्थ्यो ? ।

(८२)

भवच्छ्वेत सत्कीर्ति—हंसी समन्ता
दरुद्धां गतिं प्राप्य मोदं भजन्ती ।
खमुड्डीयमाना स्वरूपं वहन्ती
किमु व्योमयानाऽभिधानं प्रयाति ? ॥

मौसूफको सेतो सुकीर्तिरूप हंसी अवारितगति प्राप्त गरेर प्रसन्नतापूर्वक आकाशमा उडिरहन्छ के त्यसैको नाम आकाशयान छ ? ।

(८३)

दयाशालिन् ! भद्रं वितरसि दयामेकसुविधां
प्रदुष्टेवेष्टेवा रचयसि सुवृत्तीरथ तयोः ।
मदं यद्धस्तिभ्य स्तुरगनिकरेभ्यस्तरलतां
रिपुस्त्रीचित्तेभ्य स्तिमिरमवितुं भूप ! ददिथ ॥

हे दयालु प्रभो ! मौसूफ दुष्ट र इष्ट दुवै माथि एक प्रकारको नै दया गरिबक्सिन्छ र दुबैको निमित्त जीविका पनि दिलाइबक्सिन्छ किनकि मद हातीलाई, चञ्चलता घोडालाई र अन्धकार शत्रु-स्त्रीको हृदयलाई रक्षागर्न दी बक्सिएको छ ।

(८४)

श्रौताचार–विशेष जात सुयशाः सम्मानितो भूपते।
सन्मार्गीक्रियमाण सर्व विचलद्–देवस्व संस्थानकः।
श्रेयस्साधनलब्ध सौम्य विभवः श्रीशंकर प्रेमवान्
हिन्दूनाथ! जनौघपाल! सुतपो निष्ठो वशिष्ठायते॥

हे हिन्दूपति महाराजाधिराज! मौसूफ शंकरको भक्ति र वेदोक्त सदाचारको कारण विशेष सुकीर्ति पाएर सकल मठ मन्दिरमा रहेको त्रुटिलाई हटाउन राम्रो बाटो देखाउने र पुण्यको साधनले सौम्य विभूतिशाली हुदा तपोनिष्ठ वशिष्ठका समान पवित्रात्मा होइबक्सिन्छ।

(८५)

भवति प्रभवति शासति पञ्चायपद्धतिं श्रित्वा।
वैफल्यं रोगालौ वैकल्यं भूपते! दुरिते॥

हे प्रभो! मौसुफबाट पञ्चायतपद्धति अनुसार राम्रो शासन भैरहेमा रोगहरूमा नै विफलता र पापाचारमा नै विकलता छ।

(८६)

कौटिल्यं गिरिमार्गे बहुभाषित्वं च रेडियोयन्त्रे।
नैष्ठुर्यं नवसेतावनर्थपदकानि शावरे मन्त्रे॥

पहाडको बाटोमा नै कुटिलता छ, रेडियोमा नै बहु भाषित्व छ, नवीन बाँध पुलमा नै कठोरता छ र शावर तन्त्रमा नै अनर्थक शब्द छन्।

(८७)

पतितत्व तरुपण छेदः कर्णे च पृथुकानाम्।
भङ्गो रोधसि, रोध, पुण्य विहीनस्य पृथु–कानाम्॥

वृक्षको पत्तामा नै पतितत्व छ, केटाकेटीको कानमा नै छेद (प्वाल) हुन्छ, नदीको तीरमा नै भङ्ग हुन्छ र धर्म हीन व्यक्तिमा नै ठूलो सुखको रोक छ।

(८८)

दोषः पुस्तक पङ्क्तौ 'बस' याने चाधिकाऽक्रोशः।
रोषः कीटकपटले दिनकरकरसञ्चये शोषः॥

पुस्तकको पङ्क्तिमा नै दोषछ, बसमा नै धेरै कोलाहल छ, कीरोमा नै रोष छ र सूर्यको किरणमा नै शोषकता छ।

(८९)

चाञ्चल्यं रथचक्रे संवेगः सरिति पर्वतीयायाम्।
कालुष्यं लेखन्यां क्रौर्यं वन्यां च भीतियोग्यायाम्॥

यानको चक्रमा नै चञ्चलता छ, पहाडी नदीमा नै वेग छ, कलममा नै कालुष्य छ र भयप्रद जङ्गलमा नै क्रूरता छ।

(९०)

शौर्यौदार्योत्कर्ष-जात-प्रसिद्धि
र्मध्यस्थत्वं सुष्ठु कुर्वन् सुबुद्धिः।
नीति ज्ञाना नकृणीः प्राप्तमानः
क्ष्माभृत्! क्षोणी मण्डले भ्राजमानः॥

हे प्रभो! मौसूफ वीरता र उदारताको उत्कर्षले प्रसिद्ध-सुन्दर तटस्थता शाली-विशेष बुद्धिमान्,—नीतिज्ञ श्रेष्ठ,—पृथ्वी मण्डलमा सम्मानपूर्वक राजमान होइबक्सिन्छ।

(६१)

क्षीरनीरमिव सत्यमसत्यं
शासति त्वयि सुखं नयपालम्।
स्वीकरोति नृपहीर ! पृथक्त्वं
स्वच्छपक्ष ! भवसीह न हंसेः॥

हे नृपश्लेष्ट ! मौसूफको शासन काल्मा सत्य असत्य दूध जल झैं भिन्न भै जान्छ किन्तु मौसूफ स्वच्छपक्ष भएमा पनि हंस भिन्न होइ बक्सिन्छ। यो आश्चर्य हो।

(६२)

देश प्रोन्नयन श्रमक्रमरति-प्रावद्धवर्माङ्गको
वैरिव्रातमहान्धकारदलने सूर्यायमानः सदा।
निष्णातोऽधिनयं प्रशस्तधिशणा-तीक्ष्णत्वचुञ्चुः प्रभो !
सर्वैरेव निगद्यसे पटतमः सच्छासने भाषणे॥

हे प्रभो ! मौसूफ देशलाई उन्नत बनाउन को प्रेमले कवच युक्त,-शत्रु समूह रूप अन्धकारलाई परास्त गर्न सदा सूर्य झैं प्रकाशमान,-सुबुद्धिले विख्यात सुशासन र सुभाषणमा अत्यन्त पटु होइबक्सिन्छ यस्तो सकल जन भन्दछन्।

(६३)

लघुर्वा प्यलघुर्वापि दूरस्थो वा समीपगः।
शासने तुल्यनीतिर्वा विभिन्न नयकोऽथवा॥

(६४)

विश्वस्थः सर्व विषयो नजाने केन हेतुना।
मन्यमानः परं मित्रं त्वां चित्रं तनुते नकिम् ?॥

हे प्रभो ! म जान्दीन कि के कारणले सानो वा ठूलो, दूरस्थ वा समीपस्थ, एक-प्रकारक शासन वा भिन्न प्रकारक शासन गर्ने सकल देश मौसूफसङ्ग अन्तर गर्ने मित्रता गरी आश्चर्य फैलाइ रहन्दैन् के ?

(९५)

उद्दण्डदोर्दण्ड—सुमण्डिताङ्ग !
चाप प्रतापाऽधिक-तापितारे ! ।
बाधैव बद्धाऽवधि बाधितास्ति
भूभाल-नेपाल-नृपाल ! तेऽस्मिन् ॥

हे उद्दण्ड भुजदण्डले सुन्दर शरीर शालिन् ! अस्त्रप्रतापले शत्रुलाई सन्तापयुक्त गरिवक्सिने । पृथिवीको मस्तक स्वरूप नेपालका नरेश ! मौसूफले राज्यमा उन्नतिको बाधालाई नै सदाको निमित्त बाधित गरिवक्सिएको छ ।

(९६)

सकलविश्ववास्तव्यनिखिलहिन्दूवरनायक !
पञ्चायतसिद्धान्तनिकेतन-शान्ति-विधायक ! ।
प्रजात्रजाऽवननिरत ! सुधीकुलकमलदिवाकर !
राजसि राजदशेषदेशं-शुचियशः—कलाधर ! ॥

हे प्रभो ! मौसूफ सकलविश्ववासी हिन्दूका प्रधान नेता-पञ्चायत सिद्धान्तको आधार शान्तिका विधायक-प्रजासमूहको रक्षामा निरत-पण्डित रूप कमललाई विकास गर्ने सूर्य रूप होइवक्सिन्छ र मौसूफको स्वच्छकीर्ति रूप चन्द्र समस्त देशमा शोभा पाइरहेको

(९७)

यदस्ति सुदुराचरं परनृपै रतक्य जनै
र्भवाँस्तदपि सत्वरं क्षितिपते ! विधातुं क्षमः ।

यतः करुणया नृणां निजसुखं स्वयं सन्त्यजन्
प्रसन्नहृदयः परां प्रकृतितन्त्रतां दत्तवान् ॥

हे राजन् ! जो काम अर्को राजाले गर्न अशक्य छ र जनताले अतर्क्य छ त्यस्तो पनि काम मौसूफ चाँडै गर्न समर्थ होइबक्सिन्छ किनकि जनता माथि कृपागरी निजसुखलाई स्वयं छाडदै प्रसन्न भएर उत्कृष्ट प्रजातन्त्र (पञ्चायतराज्य) मौसूफले दिबक्सिएको छ ।

(९८)

अनेकभाषापरिबोधवित्ताः
प्रशान्तचित्ताः सुदृढाः क्रियासु ।
विद्याचणा भूमिपते ! प्रसिद्धा-
स्त्वन्मन्त्रिणो भान्ति महानुभावाः ॥

हे भूमिपते ! मौसूफका मन्त्रीहरू शान्तिप्रिय-विविध भाषा ज्ञाता-कर्तव्यमा तत्पर महामनीषी हुनुहुन्छ ।

(९९)

अनव—नव—सुविद्यावित्त आयत्तचित्तः
प्रचित भणितिरीतिः ख्यातवद्राजनीतिः ।
कविवर—कृतमानः प्राप्तमेधानिधानः
कृति सुपटु नरेन्द्रः श्रीमहेन्द्रश्चकास्ति ॥

प्राचीन नवीन दुबै विद्याले प्रख्यात-सहृदय-व्याख्यानमा निपुण-राजनीतिज्ञ-कविवरद्वारा सम्माननीय-आलस्य हीन-कर्तव्य परायण-मेधावी यस्ता महाराजाधिराज श्री ५ महेन्द्र होइबक्सिन्छ ।

राजत्कृत्यां राजसाहित्यसंस्थां
नव्यै र्भव्यै र्यः प्रकुर्वन् प्रभावैः।
काव्योद्याने सौरभं वक्तृताया
मोजः प्रीतिं बर्द्धयन् लक्ष्यतेऽयम्॥

जो आफ्ना नवीन सुन्दर प्रभावले 'राजकीय साहित्य संस्थान' मा प्रगतिगराउँदा काव्य रूप पुष्पवाटिकामा सौरभ फैलाउँदा ओजस्वी व्याख्यानद्वारा आनन्द बटाउँदा विराजमान होइबक्सिन्छ।

(१०१)

उज्ज्वलाऽतुलरत्नोऽपि संसेवित कपर्दिकः।
श्रीमहेन्द्रोऽपि संज्ञात महेन्द्रपद लालसः॥

मौसूफ देदीप्यमान अनुपम धेरै रत्न रहेमा पनि कपर्दी (कौडी) को सेवा गरिबक्सिने (विरोध) कपर्दी=पशुपतिनाथ (परिहार) र स्वयं श्री महेन्द्र भएमा पनि महेन्द्र पदको इच्छा राखि बक्सिने (विरोध) श्री महेन्द्र नाम (परिहार)।

(१०२)

महेन्द्रं तेजसां राशिं श्रीलं त्वां वीक्ष्य तापनः
मन्ये नृप ! जहातीह निजं तीक्ष्णकरं भयात्॥

हे प्रभो ! म मान्दछु कि—मौसूफलाई महान् इन्द्र—तेजको समूह—र लक्ष्मीयुक्त हेरेर भयभीत भएर नै मौसूफको राजधानीमा सूर्य आफ्नातीक्ष्ण किरण दिदैन।

(१०३)

अशेष यानोऽपि विशेष यानो
हिमालयोऽपि प्रगतिं प्रपन्नः।

त्वं कृष्ण कृत्य–प्रियतांदधानोऽ
प्यकृष्णकृत्ये नृपते ! सतृष्णः ॥

हे राजन ! मौसूफ सकल यानले पूर्ण भएर पनि विगत शेषयान होइवक्सिन्छ (विरोध) अनेक प्रकारका सवारी छन् तापनि आफ्नो निमित्त खास उत्तम 'हवाइजहाज' राखि बक्सिन्छ (परिहार) हिमालय भएर पनि गमन शील होइवक्सिन्छ (विरोध) हि=निश्चय लक्ष्मीको आश्रय र धन–जन–सम्मान–वृद्धि-लाई प्राप्त गरिबक्सिन्छ (परिहार) र कालो कामकाजमा प्रेम राखेर पनि सेतो काममा सतृष्ण होइवक्सिन्छ (विरोध) कृष्ण भगवानको दुष्ट दलन आदि कार्यमा प्रेम राखदा धवल कृत्यमा तृष्णा राखिबक्सिन्छ (परिहार)

(१०४)

विष्वक्सेनः सन्नपि समांसमीनादरं कुरुते ।
सन्नपि सकलगिरीशः श्रीलमहेन्द्रः प्रशास्ति यःसमुखम् ॥

मौसूफ विष्वकसेन = विष्णु भएर पनि मांस र मीनको आदर गरिबक्सिने (विरोध) चारैतर्फ सेना राखिबक्सेका र उत्तम गाइहरूको आदर गरिबक्सिने (परिहार) चन्द्रको कलाले युक्त शिव भएर देवराज होइवक्सिन्छ (विरोध) गिरिराज चक्रचूडामणि भएर मौसूफ सुखपूर्वक प्रजापालन चलाई बक्सिन्छ (परिहार)

(१०५)

ज्ञानवृद्धो नवीनोऽपि कोमलोऽपि दृढः कृतौ
यो भवान् मह्यते मह्यांसप्रेमा बालवृद्धकैः ॥

तरूण भएर वृद्ध र कोमल भएर कठोर (विरोध) मौसूफ तरूण भएर पनि ज्ञानले वृद्ध समान माननीय र कोमल भएर पनि आफ्ना कर्तव्यमा परम दृढ प्रतिज्ञ होइवक्सिन्छ (परिहार) यसै कारणले आबालवृद्ध जनताद्वारा समस्त भूतलमा सम्माननीय होइवक्सिन्छ ।

(१०६)

उद्योगं नयते विकासपदवीं नानामिधं सद्विधं
शिक्षामेधयतेतरां नरि नरि प्राच्याश्च पाश्चात्यिकाम् ।
पञ्चैः पञ्चयतेऽनिशं परकृतिं संवीक्षते चक्षिता-
वेकापि प्रभुवर्य ! भाति धिषणाऽनेक स्वरूपेव ते ॥

हे प्रभुवर ! मौसूफको एक नै सुबुद्धि अनेक रूप समान भासमान देखिन्छ किनकि एकतर्फ त विविध उद्योग धन्धातर्फ लाई विकास मार्गमा ल्याउँछ अर्को तर्फ प्रत्येक मानिसमा प्राचीन र नवीन शिक्षाको प्रचार गर्दछ फेरि गाउँ गाउँमा पञ्चहरूद्वारा दिनराति पञ्चायती गराउँछ र विश्वमा अर्कोको तरीका पनि हेर्दछ ।

(१०७)

युधि स्थिरत्वं तव भीमसेनां
यशोऽर्जुनं वीक्ष्य न कः सपत्नः ।
विभेति दुर्योधनवन्नृपाल !
स्मरन्महाभारत पर्व सर्वम् ? ॥

हे राजन् ! मौसूफको युद्धमा स्थिरता (युधिष्ठिरत्व) भयङ्करसेना (भीमसेनत्व) र स्वच्छ कीर्ति (अर्जुनत्व) हेरेर दुर्योधन झैं महाभारतको सकल पर्व स्मरण गर्दै को विरोधी मौसूफबाट डर पाउँदैन ? ।

(१०८)

कतव्यनिष्ठो मर्यादापालकः सत्यतत्परः ।
स्मारयन्भासि विश्वस्मिन् नलरामयुधिष्ठिरान् ॥

मौसूफ कर्तव्यनिष्ठ भएर नललाई मर्यादारक्षक भएर रामलाई र सत्यमा तत्पर भएर युधिष्ठिरलाई स्मरणगराउँदै राज होइबक्सिन्छ ।

(१०९)

सदानन्दतया राजन् ! विष्वक्सेनतया तथा ।
गिरीशत्वेन वीक्ष्य त्वां त्रिदेवैक्यं समर्थये ॥

हे राजन् ! मौसूफ सर्वदा सानन्द अथच ब्रह्मा, अधिकसेनाले युक्त अथच विष्णु, तथा गिरिचक्र चूडामणि अथच महेश होइबक्सेको हुनाले त्रिदेवको ऐक्य (एकमूर्ति-त्रयोदेवाः) यस सिद्धान्तलाई म समर्थन गर्दछु ।

(११०)

सूयश्च चन्द्रो दिवसे क्षपायां
विश्वं समस्तं भजते प्रियत्वात् ।
आभ्यां भवान् किं युगपत् प्रताप—
यशोऽभिधाभ्यां नहि सेव्यमानः ? ॥

सूर्य दिनमा र चन्द्रमा रातिमा प्रेमपूर्वक सकल संसारलाई सेवा गर्दछन् ती दुबैले प्रताप र कीर्ति नाम राखी एक कालमा नै आनन्दपूर्वक–मौसूफलाई के सेवा गरी रहनु हुन्न ?

(१११)

अराल जाल च्युति ताल काल !
भूभाल—नेपाल—नृपाल वर्य ! ।
वृलान्तरालाग्रकला— ततात !
द्राग् व्यालदैन्यात् परिपालयस्व ॥

हे कुटिल जनको नाशमा महान कालसमान–भौतिकसकल प्रधान कलाले भूषित–भूभाल नेपालका प्रभुवर ! दैन्य रूपव्यालबाट चाँडै रक्षा गरिबक्सियोस् ।

(११२)

दानार्द्र कोमलकराऽरुणभव्यपत्त्रः
संरक्षणोन्नत विशाल- सुबाहुशाखः ।
सत्यादिधर्म दृढभाव—सुबद्धमूलः
श्रीमान् महेन्द्र नृपतिर्भु वि कल्पवृक्षः ॥

श्री ५ मान् महाराजाऽधिराज महेन्द्र वीर विक्रम शाहदेव भूलोकमा 'कल्पतरु' होइ-बक्सिन्छ किनकि दानजलले सार्द्र र कोमल हाथ नै रातो राम्रो पल्लव, रक्षार्थ उन्नत भएका विशाल भुज नै शाखा, र सत्य दया प्रभृति धर्म नै दृढ मूल हुन् ।

(११३)

अजातशत्रो ! धर्मात्मन् ! सत्यव्रत ! शिवप्रिय ! ।
दधत् समाः शतं राजन् महाराजाधिराजताम् ॥

हे राजन् ! मौसूफ शत्रुरहित-पुण्यात्मा-सत्यभाषी र पशुपतिका प्रियपात्र होइ-बक्सिन्छ अर्थात् युधिष्ठिर समान परमादरणीय होइबक्सिन्छ अतः यस्तै महाराजा धिराजत्व धारण गर्दै शयवर्षसम्म राज होइबक्सियोस् ।

(११४)

दोषोगुणश्चेन्निदधाति पादं
सर्वत्र काव्ये; विदधे प्रसादम् ।
आपेक्षिकी काव्यगता महत्त्वो
सम्भाव्यतेऽत्रापि गुणस्य सत्ता ॥

सकल काव्यमा यदि दोष तथा गुण आफ्ना चरणा रोपण गर्दैछ तव म पनि प्रसन्न छु किनकि यस काव्यमा पनि अपेक्षाकृत काव्यगत-महत्व र गुणको अस्तित्व सम्भावित छ ।

(११५)

अक्षयायां नवम्यां शुचौ कार्तिके मङ्गले
नेत्र नेत्राऽभ्रनेत्रैर्मिते वैक्रमे वत्सरे।
जीवनाथेन भक्त्या मुदा गुम्फितं धीमता
लब्धवत् पूर्णतां श्रीमहेन्द्रप्रतापोदयम् ॥

राजभक्तिको प्रेरणाबाट प्रसन्नतापूर्वक प० जीवनाथझाले रचित–श्री महेन्द्रप्रतापोदयम् नामको यो काव्य सम्वत २०२२ साल कार्तिक शुक्ल अक्षय नवमीतिथि मङ्गलबारमा पूर्ण भयो।

शुभमस्तु

নেপাল প্রেস
শ্রদ্ধানন্দ কাননাড